प्रतिनिधि सभा सदस्य

# माननीय विराजभक्त श्रेष्ठको

# वार्षिक कार्यप्रगति प्रतिवेदन (२०८०/०८१)

## संघीय संसद्मा दोस्रो वर्ष




**वातावरण, सम्पदा संरक्षण र एकता**

प्रकाशक

**मा. विराजभक्त श्रेष्ठको सचिवालय**

का.म.पा.-१३, ताहाचल, काठमाडौं




| | | |
|---|---|---|
| प्रधान सम्पादक | - | चिरञ्जीवी खनाल |
| सम्पादक | - | प्रदिप ज्ञवाली |
| सूचना प्रविधि/आवरण | - | अंशु किरण शाही |
| प्रकाशन सहयोगी | - | गोमेश सिंह उप्रेती<br>सस्मित पोखरेल<br>केयुरमान सिंह<br>गोविन्द कोइराला |
| व्यवस्थापक | - | सविन महर्जन<br>अमृत महर्जन<br>मछिन्द्र खकुरेल<br>समिर थापा क्षेत्री<br>सञ्जीव महर्जन |

प्रकाशक

## माननीय विराजभक्त श्रेष्ठको सचिवालय

# सम्पादकीय

नेपाली जनतामा-निहित सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग आवधिक निर्वाचनको माध्यमबाट छानिएका जनप्रतिनीधि मूलक ब्यवस्थापिका (संसद्) ले गने ' र संसद्ले आफ्नो अधिकारको प्रयोग गर्दा नेपालको आफ्नो स्वतन्त्रता, सार्वभौ मसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधिनता, स्वामिमान, नेपालको हक हितको रक्षा,सिमानाको सुरक्षा, आर्थिक समुन्नती र सम्बृद्धि जस्ता राष्ट्रिय हितका आधारभूत विषयहरूलाई सर्वोपरी मानेर कार्यसम्पादन गर्नुपर्ने कुरा मूल कानूनको रूपमा रहेको संविधानमा नै स्पष्ट उल्लेख भएको छ।

संविधान र कानुनी शासनको अवधारणाको मानकभित्र रहेर एउटा सांसदले खे ल्नुपर्ने र खेल्न सक्ने भूमिकाको सीमा बाँध्न कठिन छ। कानुन निर्माणको मुख्य एवं महत्वपूर्ण जिम्मेवारीमा संसद् र सांसद नै रहेका छन् कार्यपालिकाको निर्माण संसद् र सांसदबाट नै हुने व्यवस्था छ । यस अतिरिक्त संवैधानिक अङ्गमा हुने नियुक्तिको प्रक्रियामा पनि संसद् र सांसदकै महत्वपूर्ण भूमिका एवम् जिम्मेवारी रहने देखिन्छ ।

नागरिकहरूलाई सुसूचीत गर्न संविधानको मौलिक हक अन्तर्गत धारा २७ मा "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ" भन्ने स्पष्ट प्रावधान राखिएको छ । नागरिकको यस हक अधिकारलाई थप सुनिश्चित पार्न सूचनाको हकसम्बन्धी ऐन २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ ले सूचनामा पहुँच र सरकारी काम कारबाहीको पारदर्शीताका लागि थप प्रबन्धहरू मिलाएका छन् ।

कानुनी प्रावधानहरूको सार्थकता त्यसको कार्यान्वयनमा निर्भर हुन्छ । कानुनलाई कसरी प्रयोग गरिएको छ त्यसबाट कानुन र कानुन निर्माताको मूल्याङ्कन हुन्छ । सुसूचीत हुने हक अन्तर्गत नागरिकले प्रश्न र जिज्ञासा राख्नु अघि नै प्रत्येक वर्ष आफ्ना काम कारबाही र भूमिकाका बारेमा कार्यप्रगतिको प्रतिवेदन प्रस्तुत गर्ने नियमिततालाई दायित्वपूर्ण र प्रभावकारी ढंगले निर्वाह गर्नुहुने माननीय सांसद विराज भक्त श्रेष्ठलाई नागरिक चाहनाको सम्बोधन गर्नमा आगामी वर्षहरूमा अझ बढी सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**चिरञ्जीवी खनाल**
कानूनी सल्लाहकार
(पूर्व सचिव, नेपाल सरकार)

# विषयसूची


| | |
|---|---|
| सभामुखको शुभकामना | ५ |
| उपसभामुखको शुभकामना | ६ |
| कृतज्ञता | ७ |
| काठमाडौं क्षेत्र नं. ८ को विकास यात्रा | ८ |
| प्रेरणाको ज्योति | ९ |
| सचिवालय अनुभव र योगदान | १० |
| आफ्नो भन्नु | ११ |
| प्रतिवेदनको सारांश | १२ |
| पृष्ठभूमि | १३ |
| संसद्मा उठाएका विषय | १४ |
| संसदीय समितिमा उठाएका विषय | १५ |
| विधेयक संशोधनको प्रस्ताव | १६ |
| युवा तथा खेलकुद मन्त्रालयमा पद बहालिपश्चातका महत्वपूर्ण कार्यहरू | १८ |
| पार्टीगत गतिविधि | २० |
| निर्वाचन क्षेत्रगत गतिविधि | २१ |
| विविध कार्यक्रम/गतिविधिका झलकहरू | २२ |
| अन्त्यमा | ३८ |
| **अनुसूचीहरू** | |
| संसद्मा | ३९ |
| क्षेत्र नं. ८ को जनसांख्यिक विवरण | ४० |
| सल्लाहकार, विभागीय प्रमुख | ४१ |
| माननीयज्यूको सामाजिक सञ्जाल | ४२ |
| प्रतिवेदनमा डिजिटल पहुँच | ४३ |

देवराज घिमिरे
सभामुख

संघीय संसद

# प्रतिनिधि सभा

फोन ०१–४२००१५९/४२००१३७
सिंहदरबार, काठमाडौं, नेपाल

## शुभकामना

काठमाडौं क्षेत्र नं. ८ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य माननीय विराजभक्त श्रेष्ठले आफ्नो निर्वाचन क्षेत्र, संसद तथा सार्वजनिक सवालमा गरिएका गतिविधिसहितको **वार्षिक कार्यप्रगति प्रतिवेदन** प्रकाशन गर्नुभएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु।

प्रतिवेदनमार्फत नीति निर्माण प्रक्रियामा गरिएका सहभागिता, जनसमुदायका लागि भएका प्रयास तथा भविष्यका योजनाहरु प्रस्तुत गर्नु लोकतान्त्रिक मूल्य र मान्यतासँग समेत जोडिएको छ । संसदीय अभ्यासमा पारदर्शिता, जवाफदेहिता र जनसहभागिता अभिवृद्धि गर्ने यस्ता प्रयासहरु अत्यन्त सराहनीय मानिन्छन् ।

सांसदहरु मतदाताप्रति उत्तरदायी हुन आवश्यक छ । जनताले आफ्ना निर्वाचित जनप्रतिनिधिहरुबाट अपेक्षा गरेका कामहरुको प्रगति सम्बन्धी जानकारी पाउनु, पारदर्शिता र जवाफदेहिताको अपेक्षा गर्नु स्वभाविक हो । उहाँले विगतमा पनि वार्षिक प्रतिवेदन प्रकाशन गर्नुभएको मलाई जानकारी छ, जसले संसदीय खुलापनमा सहयोग गरेको छ । यस्ता कामले मतदाताप्रतिको प्रतिबद्धता तथा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने विश्वास लिएको छु ।

सांसदका गतिविधिहरु समय-समयमा जनतासामु सार्वजनिक गर्नु नागरिक सरोकार तथा जनअपेक्षासँग जोडिएको विषय मात्र नभई सुशासनको पनि पाटो हो। प्रतिवेदनले संसदको कार्यसंचालन प्रक्रियाप्रति नागरिकको चासो अभिवृद्धि गर्ने तथा जनप्रतिनिधिहरुलाई अझ बढी प्रभावकारी रुपमा काम गर्न प्रेरित गर्नेछ । संसदीय प्रभावकारिता बढाउन यस्ता अभ्यासहरु अझ विस्तार हुनु आवश्यक छ।

अन्त्यमा माननीय विराजभक्त श्रेष्ठले आगामी वर्षहरुमा पनि वार्षिक कार्यप्रगति प्रतिवेदन प्रकाशनलाई निरन्तरता दिनुहुने विश्वाससहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२५ माघ, २०८१

देवराज घिमिरे

इन्दिरा राना
उपसभामुख

संघीय संसद
प्रतिनिधि सभा

फोन : ०१-४२००२२७
सिंहदरबार, काठमाडौं, नेपाल

## शुभकामना

नेपालको संविधान २०७२ पछि गठित संघीय संसद, प्रतिनिधि सभाको २०७९ मा सम्पन्न निर्वाचनमा काठमाण्डौ क्षेत्र नं ८ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य माननीय विराजभक्त श्रेष्ठले आफ्नो कार्यकालको एक बर्षको अवधिमा भएका उपलब्धी र जनप्रतिनिधिको रुपमा सदनमा उठाएका बिषयहरुलाई समेटेर बार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेकोमा बधाई तथा शुभकामना व्यक्त गर्दछु । जनप्रतिनिधिका रुपमा हामीले कानुन निर्माणको जिम्मेवारी संग-संगै विकास निर्माण र जनसरोकारका मुद्दामा केन्द्रित भएर कामको बार्षिक रुपमा नै प्रतिवेदनको रुपमा प्रकाशन गर्दा त्यसले जनमतको कदर हुने विश्वास पनि व्यक्त गर्दछु र यसले अरु माननीय सदस्यहरुका लागि पनि यस्तै कामका लागि प्रेरित गर्ने अपेक्षा पनि लिएको छु।

नेपालको संसदीय इतिहाँसमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुसारको संसदीय प्रणालीमा हामीले दुई सदनात्मक व्यबस्थाको अभ्यास गरिरहेका छौं। जस अन्तर्गत प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचित हुने सदस्यहरु विकास निर्माण र जनसरोकारका विषयमा बढी संवेदनशील हुनुपर्ने र आफुलाई प्रत्यक्ष मत दिएका मतदातासँग गरेका बाचाहरु पुरा गर्नुपर्ने वाध्यात्मक अवस्था छ। यस्तो अवस्थामा निर्वाचनका क्रममा गरेका प्रतिवद्धता अनुरुप आफुलाई खरो रुपमा प्रस्तुत गर्न माननीय विराजभक्त श्रेष्ठ सफल हुनुभएको अनुभव गरेको छु। प्रतिनिधि सभाको छोटो भएपनि यो दुई बर्षको अवधिमा प्रतिनिधि सभामा तपाईंले जनप्रतिनिधिको रुपमा हाम्रो मौलिक लोकतान्त्रिक प्रणालीलाई अझ समृद्ध बनाउनका लागि खेल्नुभएको भूमिकालाई आम जनताले पनि सकारात्मक रुपमा लिएका छन् भन्ने विश्वास गरेको छु।

जनताप्रति जवाफदेही रहँदै जनउत्तरदायी संसदले बनाएको कानूनको जानकारी सम्बन्धित सरोकारवाला क्षेत्र र समुदायमा पुऱ्याउन जरुरी छ। संसदबाट बनेका कानूनहरुको कार्यान्वियनको अवस्था, सामाजिक प्रभाव मूल्याङ्कनबारे अध्ययन हुनुपर्दछ। यसका लागि तपाईंले प्रकाशन गर्न लाग्नुभएको प्रतिवेदनले एउटा ईटा थप्ने काम गर्नेछ। मुलुकको सार्वभौम संसदको तल्लो सदन प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचित एक जना सदस्यको गतिविधीहरुलाई आम जनता समक्ष ल्याउन तथा आगामी दिनमा थप सुधार गर्न र संसदीय लोकतन्त्रलाई समृद्ध बनाउन यसले मद्दत पुऱ्याउने छ। यसबाट विधि निर्माणमा मात्र नभई शून्य समय, विशेष समय, आकस्मिक समय र विभिन्न प्रस्तावहरुसहितका अन्य संसदीय क्रियाकलापमा तपाईंलाई आगामी दिनमा अझ बढी सक्रिय र प्रभावकारी भूमिका खेल्न सहयोग पुग्नेछ भन्ने विश्वास पनि लिएको छु।

२०८१ माघ

इन्दिरा राना



# कृतज्ञता

समाज रूपान्तरणका लागि विभिन्न राजनीतिक दलहरूले आआफ्नै दृष्टिकोण राख्छन्, तर वास्तविक परिवर्तन युवाहरूको सक्रियता, नवीनता, र दृढ इच्छाशक्तिबाट मात्र सम्भव छ । देशमा निरन्तर रूपमा आर्थिक, सामाजिक र राजनीतिक परिवर्तन भइरहे पनि समग्र विकासका लागि ठोस योजना निर्माण गर्न नसक्दा जनताले अझै अपेक्षित सुधारको अनुभूति गर्न सकेका छैनन् ।

यही परिप्रेक्ष्यमा, हामीले काठमाडौँ क्षेत्र नम्बर ८ मा एक नयाँ राजनीतिक चेतनासहितको नेतृत्व स्थापित गर्ने लक्ष्यसहित विराजभक्त श्रेष्ठलाई निर्वाचनमा अघि बढायौं । उहाँको इमानदार छवि, स्पष्ट दृष्टिकोण, र समाजसेवामा समर्पित सोचका कारण जनताले अपार विश्वास प्रकट गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (घन्टी चिन्ह) बाट विजयी गराए । यो विजय केवल एक व्यक्तिको सफलता होइन, परिवर्तन चाहने आम नागरिकको जीत हो । यस क्रममा महत्वपूर्ण भूमिका खेल्ने सम्पूर्ण मतदाता, शुभेच्छुक, र सहयात्री मित्रहरूलाई हामी हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौं ।

समय बितेको पत्तै भएन माननीय विराजभक्त श्रेष्ठ निर्वाचित भएको दुई वर्ष पूरा भइसकेको छ । यो अवधिमा हामीले विभिन्न नीति निर्माणका प्रक्रियामा संलग्न हुँदै समाजको समग्र विकासका लागि प्रभावकारी पहल गरेका छौं । युवाहरूको सशक्त सहभागिता, जनताको सशक्त आवाज, र समावेशी नीतिहरूको निर्माण हाम्रो प्राथमिकता रहँदै आएको छ ।

यस ऐतिहासिक यात्रालाई अझ मजबुत बनाउँदै लैजानु हाम्रो साझा जिम्मेवारी हो । यो परिवर्तनको अभियानलाई निरन्तरता दिनका लागि तपाईंहरूको साथ, सहयोग, र प्रेरणा अपरिहार्य छ । समाजलाई सही दिशामा अघि बढाउने हाम्रो अभियानमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुर्‍याउने सम्पूर्ण सहयोगी मनहरूलाई पुनः हृदयदेखि आभार व्यक्त गर्दछु । तपाईंहरूको विश्वास र समर्थनले हामीलाई अघि बढ्न थप ऊर्जा प्रदान गर्नेछ ।

**सुदन मानन्धर**
प्रमुख,
काठमाडौं क्षेत्र नं. ८ प्रतिनिधि समन्वय समिति

# काठमाडौं क्षेत्र नं. ८ को
# विकास यात्रा



२०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा काठमाडौं क्षेत्र नं. ८ बाट निर्वाचित माननीय विराजभक्त श्रेष्ठले आफ्नो कार्यकालको प्रारम्भदेखि नै विकास, शिक्षा, स्वास्थ्य, रोजगार, तथा आर्थिक समृद्धिको लागि दूरगामी योजनाहरु बनाउने प्रतिबद्धता जनाउनु भएको थियो । उहाँको नेतृत्वमा यस क्षेत्रका स्थानीय जनतासँग प्रत्यक्ष संवाद स्थापित गर्दै प्रभावकारी नीति निर्माण तथा कार्यान्वयनलाई प्राथमिकता दिइएको छ ।

स्थानीय जनताको सहज सहभागिता सुनिश्चित गर्न काठमाडौं क्षेत्र नं. ८ प्रतिनिधि समन्वय समिति गठन गरिएको छ । यस समितिको उद्देश्य जनतासँग प्रत्यक्ष सम्वाद कायम गर्दै विकासका कार्यहरूलाई प्रभावकारी रूपमा अगाडि बढाउनु हो । समन्वय समितिलाई व्यवस्थित बनाउन प्रदेश “ख” को सहप्रमुखको रूपमा मलाई जिम्मेवारी दिइयो । प्रमुखको रूपमा श्री सुदन मानन्धर तथा प्रदेश “क” का सहप्रमुखको रूपमा श्री मिरा महर्जनलाई जिम्मेवारी प्रदान गरिएको छ ।

समितिको पहिलो बैठकमै माननीय श्रेष्ठले काठमाडौं क्षेत्र नं. ८ को दीर्घकालीन विकासका लागि अवधारणात्मक खाका तयार पार्ने जिम्मेवारी दिनु भयो । १५ दिनभित्रै सांगठनिक स्वरूप स्पष्ट पार्दै प्रदेश “क” र “ख” का वडाहरु तथा टोलहरु समेटेर समितिको सांगठनिक संरचना तयार गरियो । यस अवधारणालाई अझ सशक्त, जुझारू र प्रभावकारी बनाउन श्री चिरञ्जीवी खनालको सक्रियतामा कार्यविधि तथा नीति निर्माणको कार्य भइरहेको छ ।

समितिको सदस्य भई सकेपछि मलाई नेपालको राजनीतिक अवस्था, आर्थिक नीति, शिक्षा, स्वास्थ्य, रोजगार तथा समग्र विकास सम्बन्धी ज्ञान प्राप्त गर्ने अवसर मिलेको छ । अनुभवी एवं विज्ञहरूसँग प्रत्यक्ष सम्पर्क हुनाले नेपाल मात्र नभई अन्तर्राष्ट्रिय सन्दर्भमा पनि कानुनी संरचना, राज्य सञ्चालनको सिद्धान्त तथा शासन व्यवस्थाबारे बुझ्ने अवसर प्राप्त भएको छ । काठमाडौं क्षेत्र नं. ८ का लागि माननीय विराजभक्त श्रेष्ठले हरेक क्षेत्रमा चिन्तन र नीतिगत सुधारको अभियान अगाडि बढाउनु भएको छ । उहाँका विचार, सोच र कार्यशैली अघिल्लो नेतृत्वभन्दा पूर्ण रूपमा भिन्न छन् । नवीन सोच र व्यवहारका कारण उहाँले नयाँ ढंगबाट नेतृत्व दिइरहनु भएको छ । उहाँको नेतृत्वमा कानूनी सुधार, आर्थिक विकास, शैक्षिक सुधार, स्वास्थ्य सेवा सुधार, रोजगार सिर्जना तथा सामाजिक न्याय सुनिश्चित गर्ने दिशामा प्रभावकारी पहलहरु भइरहेका छन् ।

विशेष गरी उहाँको स्पष्ट दृष्टिकोण, व्यावहारिक सोच र दीर्घकालीन योजनाबद्ध कार्यशैलीका कारण काठमाडौँ क्षेत्र नं. ८ को समग्र विकास अभियानले गति लिएको छ । उहाँले राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा सुधारको खाँचो औंल्याउँदै योजनाबद्ध ढंगले काम गरिरहनु भएको छ । काठमाडौं क्षेत्र नं. ८ मा नयाँ युगको शुरूवात भएको महसुस गरिएको छ । माननीय विराजभक्त श्रेष्ठको नेतृत्वमा नयाँ धार, नवीन सोच, र समावेशी सहभागिताका आधारमा विकासको अभियान अगाडि बढिरहेको छ । स्थानीय जनता, प्रतिनिधि, विज्ञ तथा नीति निर्माणकर्ताबीचको समन्वय कायम गर्दै हामीले नेपालको कानुनी सुधार, आर्थिक नीति, सामाजिक समृद्धि र राजनीतिक स्थायित्वको लागि प्रभावकारी पहल गरिरहेका छौं ।

यो विकास यात्रा निरन्तर रहने छ, र हामी सबै मिलेर समृद्ध नेपालको सपना साकार पार्ने छौं ।

**राजा शाक्य**
सह प्रमुख
काठमाडौं क्षेत्र नं. ८ प्रतिनिधि समन्वय समिति

# प्रेरणाको ज्योति: माननीय विराजभक्त श्रेष्ठको नेतृत्व यात्रा



काठमाडौं क्षेत्र नम्बर ८ बाट निर्वाचित माननीय विराजभक्त श्रेष्ठ नेपाली राजनीति र समाजसेवाको क्षेत्रमा नयाँ युगको नेतृत्व गर्दै हुनुहुन्छ । उहाँको नेतृत्व क्षमताले युवाहरूलाई राजनीतिको सकारात्मक भूमिकामा उभिन प्रेरित गरिरहेको छ । उहाँको सोच, कार्यशैली, निष्ठा र प्रतिबद्धताले नेपाली राजनीतिमा नयाँ आशा जगाएको छ ।

मेरो व्यक्तिगत अनुभवबाट भन्नुपर्दा, उहाँसँगको पहिलो भेटले नै मेरो सोचाइमा गहिरो प्रभाव पार्‍यो । उहाँको आत्मीय व्यवहार, स्पष्ट दृष्टिकोण, अनि नवीन विचारधाराले मलाई प्रेरित गर्‍यो । नेपाली राजनीति एक निश्चित शैली र परम्परागत मानसिकताले सीमित भइरहेको अवस्थामा उहाँले राजनीतिक संस्कारमा नवीनता भित्र्याउँदै जनउत्तरदायी नेतृत्वको परिकल्पना प्रस्तुत गर्नुभयो ।

काठमाडौं क्षेत्र नम्बर ८ को प्रतिनिधित्व गर्दा उहाँले पुरातन सोचभन्दा बाहिर गएर व्यवहारिक नीति तथा योजनाहरु अगाडि बढाउनुभयो । ऐतिहासिक गुठी विधेयक २०७५ को आन्दोलनमा उहाँको अग्रसरता तथा सम्पदा संरक्षणमा देखाउनु भएको प्रतिबद्धता उदाहरणीय छ । उहाँको नेतृत्वमा हामीले बंङ्ग इन्द्रचोकको पुनर्निर्माण अभियान सफलतापूर्वक सम्पन्न गर्न सक्यौं । यी अभियानहरूले उहाँको नेतृत्व शैलीलाई झनै नजिकबाट बुझ्ने अवसर प्रदान गर्‍यो ।

उहाँको सचिवालयबाट जनतासँग प्रत्यक्ष संवाद गर्ने संस्कृति विकसित गरियो । स्थानीय समुदायको आवश्यकता पहिचान गर्दै प्रतिनिधि समन्वय समितिको गठनले राजनीतिक कार्यशैलीलाई व्यवस्थित र प्रभावकारी बनाएको छ । यसै क्रममा, मलाई काठमाडौं क्षेत्र नं. ८ प्रतिनिधि समन्वय समिति "क" बाट सहसंयोजकको जिम्मेवारी दिइयो, जसले समुदायसँग अझ घनिष्ठ सम्बन्ध बनाउने अवसर प्रदान गर्‍यो ।

स्वास्थ्य, शिक्षा, खेलकुद र रोजगारीजस्ता सामाजिक विषयहरूमा उहाँको चासो बहुआयामिक छ । उहाँले यस्ता क्षेत्रहरूको समुचित सुधारका लागि प्रभावकारी नीतिहरु ल्याउने प्रयास गर्नु भएको छ । प्रदेश सभामा आफ्नो प्रारम्भिक दिनहरूमै उहाँले आफ्नो बुलन्द आवाज उठाउनुभयो, दृढ व्यक्तित्व प्रस्तुत गर्नुभयो र राजनीतिक सुधारका लागि नीतिगत बहसको नेतृत्व गर्नुभयो ।

उहाँको नेतृत्व क्षमताले राजनीतिक, सामाजिक र आर्थिक सुधारमा केन्द्रीत रहनुपर्ने आवश्यकता औंल्याएको छ । उहाँ परिवर्तनकारी सोचका एक उदाहरण हुनुहुन्छ । उहाँको स्पष्ट दृष्टिकोण, इमानदारिता, तथा राष्ट्रप्रति देखाएको समर्पण साँचै नै अनुकरणीय छ ।

अन्त्यमा, माननीय विराजभक्त श्रेष्ठसँगको यात्रा व्यक्तिगत रूपमा मेरा लागि ज्ञानवर्द्धक, प्रेरणादायी र गहन रह्यो । उहाँको नेतृत्वले समाज सुधारका लागि अनिवार्य गुणहरूलाई मूर्तरूप प्रदान गर्दै जनताको आशा, भरोसा र भविष्यप्रति सकारात्मक ऊर्जा प्रवाह गरिरहेको छ । उहाँको नेतृत्व यात्रामा सफलता निरन्तर रहोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।


**मीरा महर्जन**
सह प्रमुख
काठमाडौं क्षेत्र नं. ८ प्रतिनिधि समन्वय समिति



# सचिवालयको अनुभव र योगदान

मैले विगत लामो समयदेखि माननीय विराजभक्त श्रेष्ठसँग काम गर्दै आएको छु, जसले गर्दा म भित्र भएका नेतृत्व क्षमता र व्यवस्थापनका कौशलहरु थप प्रगल्भ भएका छन् । बागमती प्रदेश सभा सदस्यको रूपमा उहाँसँग काम गर्दैगर्दा, मैले सांसद र सदनको कार्यप्रकृतिलाई नजिकबाट बुझ्ने अवसर प्राप्त गरें । त्यस क्रममा २०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा, काठमाडौं क्षेत्र नं. ८ का आम मतदाताहरूले उहाँलाई भारी मतसहित निर्वाचित गराएपछि मेरो जिम्मेवारी थपिई, सदन, सरकार र नागरिकहरूको बीचको समन्वय र सञ्जाल स्थापनामा मेरो भूमिका महत्वपूर्ण बन्यो ।

माननीय विराजभक्त श्रेष्ठले मेरो नेतृत्व क्षमता र व्यवस्थापकीय कौशललाई मूल्याङ्कन गर्दै मलाई आफ्नो निजी सचिवको रूपमा नियुक्ति दिनुभयो । उहाँको सचिवालयको कार्यसम्पादनलाई प्रभावकारी र व्यवस्थित बनाउन म निरन्तर काम गर्दै आएको छु । सचिवालय प्रमुखको रूपमा कार्यरत रहँदै, मैले उच्चतम कार्यक्षमता र दक्षताका साथ सचिवालय सन्चालन गरिरहेको छु ।

सचिवालयको एक प्रमुख जिम्मेवारी भनेको माननीयको विचार र दृष्टिकोणलाई सही ढङ्गले सदनमा प्रस्तुत गर्नु र समन्वयात्मक कार्यहरूको सफलतासाथ सञ्चालन गर्नु हो । यसका साथै, सचिवालयले राजनीतिक र प्रशासनिक कार्यहरूको पारदर्शिता र दक्षता कायम राख्दै उहाँको सांसदका रूपमा पहिचानलाई थप मजबुत बनाएको छ ।

यस सचिवालयको नेतृत्व मसँग भए तापनि यसका पछाडि धेरै योग्य र सहयोगी हातहरूले काम गर्नु भएको छ । यस सचिवालयको समृद्धि र सफलता म एक्लो प्रयासको परिणाम होइन, तर मेरो साथमा काम गर्ने साथीहरूको योगदानले पनि यसलाई सम्भव बनाएको हो । यी सबै योगदानकर्ताहरूको कडा मेहनत र सहयोगलाई म हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । उहाहरूको प्रयासले सचिवालयलाई प्रभावकारी र सक्षम बनाउन महत्वपूर्ण भूमिका खेलिरहेको छ । सचिवालयका कार्यहरु निष्पक्ष, सुसंगत र प्रभावकारी रूपमा अघि बढाउनका लागि हामीले बिभिन्न रणनीतिहरु अवलम्बन गरेका छौं, जसको परिणाम स्वरूप माननीय विराजभक्त श्रेष्ठलाई संसद्मा अझ प्रभावकारी र सफल बनाइएको छ ।

यसमा साथ दिने हरेक सदस्यको योगदान अत्यन्त महत्वपूर्ण छ । म उहाँहरु प्रति कृतज्ञता व्यक्त गर्दै, भविष्यमा पनि यसरी नै साथ र सहयोग पाइरहने कुरामा विश्वस्त छु ।

**प्रदिप झवाली**
स्वकीय सचिव

# आफ्नो भन्नु ...

मलाई यस प्रतिवेदन प्रस्तुत गर्न अवसर जुराई दिनुहुने मेरो निर्वाचन क्षेत्र काठमाडौँ–८ का सम्पूर्ण मतदाता आमा–बुबा, दिदीबहिनी, दाजुभाइ तथा शुभेच्छुक साथीहरूमा हार्दिक आभार व्यक्त गर्दछु । तपाईँहरूको माया, साथ र विश्वासले गर्दा नै म आज नेपालको एक जनप्रतिनिधिको रूपमा देश, समाज र जनताको हितमा निरन्तर अग्रसर हुन पाएको छु । त्यसै गरी मलाई राजनीतिक रूपमा साथ दिनुहुने राष्ट्रिय स्वतन्त्र पार्टीको सभापति रवि लामिछाने लगायत सम्पूर्ण नेतृत्वको टिम र पार्टी पङ्क्ति प्रति पनि हार्दिक कृतज्ञ छु ।

नेपालमा ७० को दशक वरपर सुरू भएको सुसंस्कृत–वैकल्पिक–राजनीतिक अभियानका आरोह–अवरोहहरु मैले गहिरोसँग अनुभूत गरिहरेको छु । यसै सन्दर्भमा, म समग्र वैकल्पिक राजनीतिको मार्गदर्शक स्वर्गीय उज्ज्वल थापालाई मनैदेखि सम्झिन चाहन्छु । उहाँले सङ्घीय–लोकतान्त्रिक–गणतन्त्र नेपालको पछिल्लो परिवर्तनको पृष्ठभूमिमा नेपालमा वैकल्पिक राजनीतिको जग मात्र बसाल्नु भएन त्यसको नेतृत्व पनि गर्नुभयो । आफ्नो जीवनकालको छोटो समयमा नै जुन मूल्य मान्यताको मानक स्थापित गर्ने प्रयत्न गर्नुभयो र हामीलाई जुन सुसंस्कृत राजनीतिको अभ्यास सिकाउनु भयो, त्यसलाई म सदैव पालना गर्ने प्रण गर्दछु ।

सहभागितामूलक लोकतन्त्रको लागि नागरिकप्रति जबाफदेहिता र सार्वजनिक उत्तरदायित्व जरूरी हुन्छ । संविधान–सभाबाट संविधान घोषणा भएपछि बनेको पहिलो बागमती प्रदेश सभामा सहभागी हुँदा पनि हामीले वार्षिक रूपमा प्रदेश सभामा गरेका प्रयासहरूलाई समेटेर पारदर्शिताको अभ्यास गरेका थियौ । त्यही प्रयासलाई प्रतिनिधिसभाको सदस्यको रूपमा पनि निरन्तरता दिन पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । लोकतन्त्रमा आवधिक निर्वाचन मार्फत नागरिकहरूले खसालेको प्रत्येक मत अत्यन्तै महत्त्वपूर्ण हुन्छ । हामी जनप्रतिनिधिको लागि मत केवल एक आवाज मात्र नभएर एउटा पवित्र विश्वास पनि हो जसले हामीलाई नागरिकप्रति थप जिम्मेवार र दायित्वबोध गराउँछ । आज अत्यन्त गर्व र कर्तव्यको गहिरो भावनाका साथ प्रतिनिधि सभाको सदस्यको रूपमा यस कार्यकालको दोस्रो वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौँ । हाम्रो यो सानो प्रयास उन्नत लोकतान्त्रिक प्रणालीप्रतिको अटल प्रतिबद्धताको प्रमाण हो । यस प्रतिवेदनमा प्रतिनिधि–सभा सदस्यको रूपमा मैले खेलेका भूमिकाहरु साथै अर्थ–समितिमा रहेर उठाएका मुद्दाहरु समावेश छन् ।

यही बिचमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको क्याबिनेटमा झन्डै पाँच महिना नेपाल सरकारको युवा तथा खेलकुद मन्त्रीको रूपमा सेवा गर्ने अवसर पाए । छोटो कार्यकालमा कयौँ सीमितता र चुनौतीका बाबजुद नेपाल स्काउटको सुधार, युवा सशक्तीकरण र खेलकुद क्षेत्रमा हामीले प्रारम्भ गरेका केही पहलहरूले सार्थक रूप लिँदै गएको देख्दा खुसी लागेको छ । मलाई यस जिम्मेवारी दिने रास्वपा र क्षेत्र न.८ का सम्पूर्ण नागरिकको साथले आगामी दिनमा नेपाल र नेपालीको अझै धेरै सेवा गर्ने हौसला दिएको छ । संसद् बाहिर सार्वजनिक सरोकारका सवालमा गरिएका प्रयासहरु विशेष गरी क्षेत्रगत गतिविधिहरु, सञ्चार माध्यमहरु मार्फत राखिएका विचारहरु र हाम्रो पार्टी राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट सहभागी भएका कार्यक्रमहरु पनि समेटेको छु । एउटा जन निर्वाचित सांसदले खेल्न सक्ने भूमिकाप्रति कति न्याय गर्न सके–सकिनँ त्यो तपाईँहरूले पक्कै पनि मूल्याङ्न गर्नुहुनेछ । हाम्रो उत्कृष्टताको खोजीमा हामी तपाईंलाई हाम्रो साझेदार भई दिन आमन्त्रित गर्दछौँ । तपाईँहरूको सुझाव र खबरदारी हाम्रो लागि सधैँ अमूल्य हुनेछ । विभिन्न काल–खण्डमा विगतदेखि वर्तमानसम्म साथ दिनुहुने तथा पार्टी र संसदीय यात्रामा सहयोग गर्नुहुने तपाईहरु सम्पूर्णप्रति हार्दिक नमन ।

हार्दिक कृतज्ञता सहित,

**विराजभक्त श्रेष्ठ**
सदस्य, प्रतिनिधि सभा
उपनेता, संसदीय दल, रास्वपा

# प्रतिवेदनको सारांश

यस वार्षिक प्रतिवेदनमा माननीय सांसद विराजभक्त श्रेष्ठले जनप्रतिनिधिका रूपमा निर्वाचित भएपछि मिति २०८०/०७/१६ देखि २०८१/०९/२९ सम्म संसद् भित्र र बाहिर निर्वाह गर्नुभएको भूमिकालाई समेट्न प्रयास गरिएको छ । प्रतिवेदनमा उहाँले संसदीय दायित्व बहन गर्दा उठाएका विषयवस्तु, विधेयक संशोधनका प्रस्ताव, संकल्प प्रस्ताव, अर्थ समितिमा गरिएको छलफल, र अन्य नीतिगत पहलहरूलाई प्राथमिकताका साथ प्रस्तुत गरिएको छ ।

प्रतिवेदनले प्रतिनिधिसभाका बैठकमा सहभागी हुँदा उठाएका बिषयहरूलाई मात्र नभई निर्वाचन क्षेत्रमा भएका गतिविधिहरू, पार्टीगत जिम्मेवारी, सञ्चार माध्यममा प्रस्तुत गरिएका विचारहरू, तथा विभिन्न कार्यक्रम र अन्तरक्रियामा उहाँको सक्रियतासमेत समेटेको छ । यो प्रतिवेदन पारदर्शिता, जवाफदेहिता, र सार्वजनिक उत्तरदायित्वप्रति सांसदको प्रतिबद्धतालाई उजागर गर्ने उद्देश्यले तयार पारिएको हो ।

लोकतन्त्रमा जनतालाई सार्वभौम मानिन्छ । यस आधारमा, जनताले दिएको अमूल्य मतको सम्मान गर्दै, जनताप्रति उत्तरदायी हुने प्रयास स्वरूप यो प्रतिवेदन सार्वजनिक गरिएको हो । प्रतिवेदनले सांसदका क्रियाकलापलाई मात्र उजागर नगरी सांसदहरूले नीति निर्माण र व्यवहारमा प्रभावकारी भूमिका खेल्नका लागि चाहिने वातावरणबारे पनि चिन्तन प्रस्तुत गर्ने प्रयास गरेको छ ।

विशेष गरी, यो प्रतिवेदनले सांसदको भूमिकालाई पारदर्शी ढंगले जनतासमक्ष राख्ने र सुशासन तथा जवाफदेहिताको अभ्यासलाई संस्थागत बनाउने प्रयासलाई जोड दिएको छ । यसमा प्रतिवेदन तयार पार्नका लागि आवश्यक विविध पक्षको विवरण अनुसूचीमा लिंकहरूमार्फत उपलब्ध गराइएको छ, जसले विस्तृत अध्ययनका लागि उत्सुक पाठकहरूलाई थप जानकारी दिनेछ ।

सारांशमा, यो प्रतिवेदनले संसद् र निर्वाचन क्षेत्रमा गरिएका अभ्यासहरूको एकीकृत झल्को प्रस्तुत गर्दछ । यसले लोकतन्त्रमा नागरिकको सूचनाको अधिकारलाई सम्मान गर्दै सांसदहरूले आफूले निर्वाह गरेको भूमिकाको जवाफदेहिताका अभ्यासलाई प्रोत्साहन गरेको छ । यस्तो अभ्यासले विकसित लोकतन्त्रहरूको अभ्यासजस्तै सांसदहरूको भूमिकालाई अझ पारदर्शी र प्रभावकारी बनाउने दिशामा योगदान पुर्याउनेछ ।



प्रतिनिधि सभा सदस्य
मानननीय विराजभक्त श्रेष्ठको
**वार्षिक कार्यप्रगति प्रतिवेदन (२०८०/०८१)**
संघीय संसद्मा दोस्रो वर्ष

# पृष्ठभूमि

नेपालको संविधानले देशको शासन व्यवस्था र संरचनालाई स्पष्ट र व्यवस्थित तरिकामा परिभाषित गरेको छ । संविधानको धारा २ मा उल्लेखित 'सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको' भन्ने प्रावधान अनुसार, प्रत्येक नागरिकलाई आफ्नो मताधिकारको प्रयोग गरी जनप्रतिनिधि चयन गर्ने अधिकार प्रदान गरिएको छ । यस संविधानको मुख्य उद्देश्य भनेको एक समावेशी, न्यायपूर्ण, र समान अवसरको समाज निर्माण गर्नु हो जसमा प्रत्येक नागरिकले आफ्नो अधिकार र कर्तव्यको समुचित उपयोग गर्न सकून् ।

नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रमा, जनताले निर्वाचित गरेका जनप्रतिनिधिहरूको भूमिका महत्त्वपूर्ण र संवेदनशील छ । ती जनप्रतिनिधिहरूले संसद् र सरकारको माध्यमबाट जनताको इच्छालाई सम्मान गर्दै, सुशासन र समृद्धिको लक्ष्य प्राप्त गर्न पहल गर्छन् । त्यसै अनुसार, जनप्रतिनिधिहरूको कार्यक्षमता र कार्यदिशा जनताको विश्वासको पहिचान र समाजको समग्र प्रगतिको मापदण्ड हो ।

नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रमा सशक्त जनप्रतिनिधित्वको महत्वलाई दृष्टिगत गर्दै, यो वार्षिक प्रतिवेदन तयार पारिएको छ । यस प्रतिवेदनमा, निर्वाचन क्षेत्र र संसद् को सदस्यको हैसियतमा गरेको प्रमुख कार्यहरूको विवरण प्रस्तुत गरिएको छ । यसले निर्वाचित संसद्को गतिविधि, उपलब्धि र जनसरोकारका मुद्दाहरूमा गरेको पहललाई समेटेको छ, जसले हाम्रो समाजमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्य राख्दछ ।

यस प्रतिवेदनको माध्यमबाट जनप्रतिनिधिको रूपमा लिएको जिम्मेवारी र जनतालाई प्रदान गरिएको सेवाहरूको स्पष्ट विवरण र प्रगति सार्वजनिक गरिएको छ ।



# संसद्मा उठाएका विषय



१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा सहभागिता ।

२. धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८१ माथिको छलफलमा सहभागिता ।

३. विपद् सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथिको छलफलमा सहभागिता ।

४. "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा सहभागिता ।

५. बैंकिङ्ग कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० माथिको छलफलमा सहभागिता ।

६. सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथिको छलफलमा सहभागिता ।

७. सन् २००४ को ग्रिस ओलम्पिकमा छनोट चरण पार गर्दै ओलम्पिक खेल्ने पहिलो नेपाली खेलाडी संगिना वैद्यले राखेपको निर्देशक पदमा बढुवा प्रक्रियाप्रति असन्तुष्टि जनाउँदै दिएको राजीनामाबारे उठाएको प्रश्न ।

८. राजदूत पदमा पदीय मर्यादा कायम राख्न नसक्ने व्यक्तिहरूको नियुक्तिबारे उठाएको प्रश्न ।

९. श्रमजीवी पत्रकारहरूको समस्याबारे उठाएको प्रश्न ।

१०. बालकुमारी घटना छानबिन आयोगको प्रतिवेदन कार्यान्वयन र मिटरव्याज पीडितहरूको समस्याप्रति सरकारको वेवास्ताबारे उठाएको प्रश्न ।

११. वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा सहभागिता ।

# संसदीय समितिमा उठाएका विषय

सुरक्षित कारोबार विधेयकमाथिको छलफलमा सहभागिता ।

विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८० मा संशोधन प्रस्ताव पेस गरी सम्बन्धित संसदीय समितिको छलफलमा सहभागिता ।

कर तिर्न जाँदा घुस माग्ने प्रवृत्ति र सिस्टमबारे उठाएको प्रश्न ।



## विद्यालय शिक्षासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८० मा संशोधन प्रस्ताव पेश गरेको ।

**विधेयकमा संशोधनको सूचना**

(प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ सगँ सम्बन्धित)

श्री सचिव,
प्रतिनिधि सभा ।

म/हामी प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११३(१) मा उल्लिखित शर्तको अधिनमा रही नियम ११२ बमोजिम देहायको विधेयकमा निम्न बमोजिम संशोधनको सूचना पेश गर्न चाहन्छौं:

**विधेयकको नामः** विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०

| क्र. स. | विधेयकको | | | | संशोधनको ब्यहोरा | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|---|
| | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| १. | २ | १ | ठ | | "यस शब्दले गैरसरकारी विधेयकलाई पनि जनाउँछ"। थप गर्ने | ऐनले गैरसरकारी विधेयकलाई समेत व्यवस्था गर्नुपर्ने भएकाले। |
| २. | ३ | ४ | | | यस दफामा अन्यत्र जुनसुकैकुरा लेखिएको भएतापनि गैरसरकारी विधेयक वा कुनै विषयमा तत्काल विधेयक तर्जुमा गर्नुपरेमा यस दफाको व्यवस्थाले बाधा पुर्याएको मानिने छैन। | ऐनले गैरसरकारी विधेयकलाई समेत व्यवस्था गर्नुपर्ने भएकाले। |
| ३. | ६ | १ | | | विधेयक तर्जुमाको प्रक्रियामा सम्बन्धित मन्त्रालयले र गैर सरकारी विधेयकको हकमा विषय विज्ञ र त्यस्तो विदेयकबाट प्रत्यक्ष रुपमा प्रभावित हुने सरोकारवालालाई छलफलमा सहभागी गराई राय सुझाव लिने पर्नेछ। | गैरसरकारी विधेयकको हकमापनि व्यवस्था गर्न आवश्यक भएकाले |
| ४. | ६ | ३ | | | उपदफा (१) र (२) बमोजिम प्राप्त राय सुझावको आधारमा विधेयकको मस्यौदा परिमार्जन गरी सम्बन्धित मन्त्रालयले विधेयकको मस्यौदा र देहायका विवरण आफ्नो वेबसाइटमा कम्तिमा तीस दिनसम्म उपलब्ध हुने गरी प्रकाशन गर्नु | "बढीमा"शब्दले अस्पष्टता पारेको हुनाले |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | पर्नेछः- | |
| ५. | ६ | ३ | छ (थप गर्ने) | | विधेयकको व्यवस्थाबाट पर्यावरणमा पर्ने प्रभाव | पर्यावरणलाई समेत समेट्न आवश्यक भएकोले |
| ६. | ६ | ५(थप गर्ने) | | | उपदफा ३(ग) बमोजिम देशको समग्र आर्थिक एवम् वित्तिय क्षेत्रमा पर्ने प्रभावको मुल्याङ्कन सहितको प्रतिवेदनको विस्तृत व्यहोरा विधेयकमा उल्लेख गर्नुपर्ने छ। | विधेयकमा सामान्य एक हरफमा आर्थिक टिप्पणीमात्र लेखिने प्रचलन भएकोले, उक्त कुरा परिमार्जन गर्न आवश्यक भएकोले |
| ७. | २३ | ५ (थप गर्ने) | | | ऐनको दफा ६ बमोजिम भएको छलफलको अभिलेख कायम राखि सुरक्षित गर्नुपर्ने छ। | विधेयक मस्यौदाका चरणमा भएका छलफलको सम्पूर्ण विवरण (verbatim) राख्न आवश्यक भएकाले |

(१) **नाम,थरः** विराज भक्त श्रेष्ठ **दस्तखतः** **क्र. सः २१५** **मितिः** **२०८१/०४/१०**

# नेपाल सरकार
## युवा तथा खेलकुद मन्त्रालयमा
# पदवहाली भएपश्चातका महत्वपूर्ण कार्यहरु




१. खेलाडीहरूलाई खेलमैदानसँग जोडिरहन र खेलकुद प्रतियोगिताका कार्यक्रमलाई पारदर्शी तथा योजनावद्ध बनाउन राष्ट्रिय खेलकुद परिषद् तथा राष्ट्रिय खेल संघद्वारा बर्षभरिमा सञ्चालन गरिने खेलकुद प्रतियोगिताहरूको आर्थिक वर्ष २०८१/८२ को वार्षिक क्यालेन्डर सार्वजनिक गरिएको थियो ।

२. कतारी राजाको नेपाल भ्रमणको अवसरमा नेपाल सरकार र कतार सरकारबिच भएको द्विपक्षीय समझदारीपत्रमा युवा तथा खेलकुदका क्षेत्रमा सहकार्य गर्ने समझदारी भएको थियो ।

३. नेपाल स्काउटको जग्गा भाडामा लिने दिने बारे भएको सम्झौता र त्यस सम्बन्धमा सम्मानित उच्च अदालत पाटनको फैसला कार्यान्वयनको सम्बन्धमा छानविन समिति गठन गरी प्राप्त प्रतिवेदनको आधारमा नेपाल स्काउटको जग्गाको संरक्षण तथा नियमसंगत उपयोग गर्न कानुनी व्यवस्थाको कार्यान्वय गर्न गराउन गृह मन्त्रालयको सहयोगमा जग्गा सिलबन्दी गरिएको थियो ।

४. विश्वविद्यालयमा Sports Science अध्ययनका लागि काठमाडौ विश्वविद्यालयसँग MOU सम्झौता भएको छ ।साथै विद्यालय स्तरको पाठ्यक्रममा खेलकुद विषय समावेश गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा अनुरोध गरी पठाइएको थियो ।

५. सहभागितामूलक नीति निर्माणको अवधारणा अनुरूप राष्ट्रिय खेलकुद नीति, २०८० र राष्ट्रिय युवा नीति, २०८० को मस्यौदा उपर प्रदेशस्तरमा राय सुझाव संकलन गरिएको र दुवै नीतिलाई अन्तिम रूपसम्म पुऱ्याइएको थियो ।

६. नेपाली खेल क्षेत्रलाई स्वास्थ र स्वच्छ राख्न राष्ट्रिय खेलकुद विकास नियमावली २०७८ बमोजिम गठन भएको राष्ट्रिय एन्टी डोपिङ एजेन्सीको रिक्त पदाधिकारीहरू नियुक्ति गरी क्रियाशील बनाइएको थियो ।

७. अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न संभावना भएका खेलहरूलाई मध्यनजर गरी खेलकुद पूर्वाधार विकासका लागि मुलपानी क्रिकेट रंगाशालाको डिपिआर तयार गरिएको र किर्तिपूर क्रिकेट रंगशालामा स्कोर बोर्ड राखिएको र Flood Light को खरिद प्रक्रिया अगाडि बढाइएको थियो । दशरथ रंगशालाको मर्मत कार्य सम्पन्न भएको थियो । साथै १०औं राष्ट्रिय खेलकुदलाई समेत मध्यनजर गरी सुर्खेत रंगशालाको निर्माण कार्यलाई तिब्रता दिइएको थियो ।

८. देशभरका रंगशालाहरूको व्यवस्थापनलाई मध्यनजर गरी रंगशाला सञ्चालन सम्बन्धी कार्यविधिको मस्यौदा तयार गरिएको थियो ।

९. खेलकुदमा विविध क्षेत्रको ज्ञान तथा क्षमतालाई अवसर प्रदान गर्न तथा अन्तराष्ट्रिय पारा ओलम्पिकको मान्यता अनुरूप विकास गर्दै लैजाने उद्देश्यले प्रथम पारा राष्ट्रिय ओलम्पिकको नीतिगत एवं कार्यक्रमगत व्यवस्था गरिएको थियो ।

१०. यस अघि स्रोत अभावमा रोकिएको अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीहरूलाई प्रदान गरिने पुरस्कारको लागि अर्थ मन्त्रालयबाट स्रोत व्यवस्था गरी पुरस्कार वितरणको सुनिश्चितता भएको थियो ।

११. नेपाल स्काउट ऐन, २०५० को प्रतिस्थापन गरि नयाँ ऐन जारी गर्न र राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ लाई समसामयिक बनाउन संशोधन प्रक्रिया अगाडि बढाइएको थियो ।

१२. युवा लक्षित कार्यक्रमहरूमा वित्तीय सुशासन कायम गर्न र बिनियोजित स्रोत तथा साधनमा लक्षित वर्गको सहज पहुँच पुऱ्याउन नीतिगत व्यवस्थामा अद्यावधिक गर्नुपर्ने आवश्यकतालाई महसुस गरी युवा तथा साना व्यावसायी स्वरोजगार कोषको व्यवस्थापन, सञ्चालन तथा कर्जा परिचालनको प्रभावकारिता अध्ययन गर्न कार्यदल गठन गरी अध्ययन कार्य भइरहेको थियो ।




१३. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा इन्टरनेटको माध्यमबाट खेलिने खेललाई खेलकुद क्षेत्रमा समेट्ने गरी इ-स्पोर्टको व्यवस्था समावेश गरिएको थियो ।

१४. आगामी आर्थिक वर्षको बजेटमा High Altitude मा खेलिने खेलको लागि बजेटको व्यवस्था गरिएको थियो ।

१५. युवा तथा खेलकुदसँग सम्बन्धित सूचना तथा तथ्याङ्क प्राप्तिको लागि पोर्टल तयारीको नीतिगत र कार्यक्रमगत व्यवस्था गरिएको थियो ।

१६. युवाहरूलाई आफ्नै स्थानीय तहमा काम गर्न तीन महिने Fellowship कार्यक्रमको लागि बजेट तथा कार्यक्रममा समावेश गरिएको छ ।

# पार्टीगत गतिविधि

१. काठमाडौं क्षेत्र नं. ८, कामनपा वडा नं. १३ र १५ समितिको प्रथम अधिवेशनमा सहभागिता ।

२. नागार्जुन नगरपालिका वडा नं. ४ मा सम्पन्न राष्ट्रिय स्वतन्त्र पार्टीको प्रथम वडा अधिवेशनमा सहभागिता ।

३. राष्ट्रिय स्वतन्त्र पार्टीद्वारा आयोजित प्रथम रामेछाप-काठमाडौं सम्पर्क भेला ।

४. राष्ट्रिय स्वतन्त्र पार्टी भक्तपुर जिल्ला भेलामा सहभागिता ।

५. ललितपुरमा सम्पन्न प्रथम ऐतिहासिक जिल्ला भेलामा सहभागिता ।


६. इलाम, काठमाडौं, र नुवाकोटको उपनिर्वाचनको क्रममा जिल्ला भ्रमण, सदस्य प्रशिक्षण र घरदैलो कार्यक्रममा सहभागिता ।

७. पोखरा वडा नं. १३ आर्बाका स्थानीयहरूसँगको छलफल कार्यक्रममा सहभागिता ।

८. राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय परिषद्को ऐतिहासिक राष्ट्रिय भेलामा सहभागिता ।

# निर्वाचन क्षेत्रगत गतिविधिहरू



## निर्वाचन क्षेत्रभित्र भएका प्रमुख कामहरू

१. नागार्जुन नगरपालिका वडा नं. ५ फुलबारी टोल सुधार समितिका नागरिकहरूसँग वडामा समावेश भएका संघीय योजनाहरूको कार्यान्वयन सम्बन्धमा जनप्रतिनिधिसहित सहभागितामूलक छलफल ।

२. पौराणिक सम्पदा क्षेत्रको विकासका लागि कार्यक्रम सञ्चालन ।

३. मूर्त तथा अमूर्त सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि कार्यक्रम सञ्चालन ।

४. डल्लु आवास छेउको राजा वीरेन्द्र मार्ग पुनर्निर्माणको काम सम्पन्न ।

५. का.म.पा. वडा नं. १३ स्थित गाइबाछा पाटीको बाटो पुनर्निर्माण कार्य सम्पन्न ।

६. छाउनीस्थित सीमाना मार्गको पुनर्निर्माण कार्य सम्पन्न ।

७. क्षेत्रका विभिन्न टोल विकास संस्थाहरूको आयोजनामा स्थानीय समस्याबारे छलफल गरी समाधानका प्रयास ।

८. का.म.पा. वडा नं. १५, लिंकरोड र करिडोर क्षेत्रमा हरियाली पार्क संरक्षणका लागि पर्खाल निर्माण कार्य सम्पन्न ।

९. आदेश्वर फुलबारी टोलमा सडक स्तरोन्नति तथा सडक निर्माण कार्य हुँदै ।

१०. आदेश्वर फुलबारी टोलमा पहिरो रोकथामका लागि सेरवाल र ढुंगाको पर्खाल निर्माण कार्य हुँदै ।

११. नागार्जुन नगरपालिका वडा नं. ४, खोपा टोलमा सडक स्तरोन्नति तथा सडक निर्माण कार्य हुँदै ।

१२. डल्लु आवास क्षेत्रको डल्लु आवास मार्गको पुनर्निर्माण कार्य सम्पन्न ।

१३. छिन्नलता मार्गका सडकहरूको स्तरोन्नति कार्य सम्पन्न ।

१४. ताहाचल मार्गका सडकहरूको स्तरोन्नति कार्य सम्पन्न ।

१५. छाउनी गणेश मन्दिरअगाडिको सडक स्तरोन्नति कार्य सम्पन्न ।

१६. ज्ञानोदय मार्गको सडक स्तरोन्नति कार्य सम्पन्न ।

# विविध कार्यक्रम/गतिविधिका झलक



नेपालको ऊर्जा क्षेत्रमा एडीबीको पाँच दशक लामो साझेदारी प्रदर्शनीमा सहभागी ।





राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित वडा अध्यक्ष रोजिना श्रेष्ठलाई बधाई कार्यक्रममा ।




पोखरामा सहकारी पीडितहरूको न्यायका लागि शान्तिपूर्ण धर्नामा ।




नेपाल प्रिमियर लिगको अक्सन कार्यक्रममा ।



काठमाडौंमा विश्व तेक्वान्दो संघका अध्यक्ष डा. चुंगवोन चोउसँग विशेष भेटघाट ।




राष्ट्रिय स्वतन्त्र पार्टी ललितपुरको प्रथम जिल्ला भेलामा ।



बाला चतुर्दशीको अवसरमा श्री शोभा भगवती मन्दिरमा आशीर्वाद ग्रहण।



उपनिर्वाचनमा प्रचारप्रसारका क्रममा नुवाकोटमा ।




नदी मापदण्डबारे छलफल कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीको प्रतिनिधित्व ।




कर्णाली इन्स्टिच्युट भ्रमण, डोर बहादुर विष्टको समाज परिवर्तन अभियान।

## इन्द्रजात्रामा सहभागिताको केही झलकहरु














उत्कृष्ट खेलाडीहरूलाई सम्मान तथा पुरस्कार वितरण।



बोन, जर्मनीमा जलवायु परिवर्तन र भूमिसम्बन्धी अन्तर्राष्ट्रिय कार्यशालामा सहभागिता।

## नेपाल स्काउटको ७३औं स्थापना दिवसमा प्रमुख स्काउटका रुपमा सहभागिता










छैटौं राष्ट्रिय फेन्सिङ च्याम्पियनसिपको अवलोकन ।





जनकपुर साहित्य महोत्सव २०८० मा 'सांस्कृतिक सम्बन्धको डोरी' विषयमा छलफल।

## धनगढीमा खेल पूर्वाधार निरीक्षण र क्रिकेट प्रशिक्षणको उद्घाटन।














राष्ट्रिय खेल संघहरूको वार्षिक खेल तालिका सार्वजनिक।



खेल क्षेत्रमा निष्पक्षता सुनिश्चित गर्न राष्ट्रिय एन्टि-डोपिङ एजेन्सी (NADA) गठन।

## कर्णालीको हिमाली विद्यालयको प्रेरणादायी शिक्षाको अवलोकन












५औं जुम्ला-रारा अल्ट्रा म्याराथनमा सहभागिता।



महिला फुटबल खेलाडी प्रीति राईको स्वास्थ्य अवस्थाबारे जानकारी लिँदै।



आईसीसी अध्यक्ष ग्रेग बार्कलेसँग नेपाल क्रिकेटको भविष्यबारे छलफल।



काठमाडौं क्षेत्र नं. ८ का प्रबुद्ध स्थानीयहरूसँग छलफल ।




CAN Infotech २०२४ मा प्रविधिसम्बन्धी नवीनतम उपलब्धिहरूको अवलोकन।

# काठमाडौं क्षेत्र नम्बर ८, विभिन्न वडाको ऐतिहासिक अधिवेशनमा सहभागिता












# अन्त्यमा

काठमाडौं-८ बाट संसद्मा निर्वाचित भए पश्चात जनताका विविध अपेक्षाहरू रहे । त्यसमा जनप्रतिनिधिको रूपमा कतिपय विषयहरू अनुभूत नै हुनेगरी सम्बोधन भएका छन् । प्रतिनिधि उदाहरणका रूपमा ललितपुर चापागाउँ स्थित पुरातन मुर्ती चोरी भएकोमा स्थानीयहरूको सम्पदा सम्बन्धी चासो सम्बोधन गर्न मैले संसद्मा आवाज उठाएपछि गृह मन्त्रालयले सम्बन्धित प्रसाशनलाई कारवाही आगाडि बढाउन निर्देशन दिएको थियो । त्यसैगरी स्वयम्भू क्षेत्रका स्थानीयले सुरक्षामा समस्या आएको गुनासो गरेपछि उक्त क्षेत्रको जनप्रतिनिधिको रूपमा गृहसँग समन्वय गरेपश्चात गृहप्रशासनले ६ जना प्रहरी आवासीय रूपमा खटाउने व्यवस्था गरेको छ । झण्डै दुई दशकदेखी समस्यारत वडा १३ र वडा १५ जोड्ने बाटो स्थानीयबासी, रक्षा मन्त्रालय र नेपाली सेनासँगको समन्वयमा खुलाईएको छ । हाल उक्त बाटोमा स्थानीय तहले सहजीकरण गरिरहेको छ ।

तीनै तह सरकारहरूको समन्वयमा अझै पनि केही प्रक्रियागत चुनौतीहरू रहेका छन् । जस्तै, स्थानीय तहले प्रदेश र संघीय सरकारले उपलब्ध गराएको योजना तथा कार्यक्रम पूर्ण रूपमा लागू गर्न सकेको छैन । त्यसैगरी, स्थानीय सरोकार र कार्यक्रमका लागि अन्य तहका सरकारले पनि उचित समन्वय गर्न नसकेको देखिन्छ । यदाकदा स्थानीयबासीहरूमा अझै पनि कतिपय विषयमा सचेतनाको कमी महसुस गरेको छु । कहिलेकाँही मेरो सचिवालयमा समेत विकास-निर्माणका योजना/कार्यक्रम/बजेटका लागि अनुरोध गर्नुहुन्छ । यसमा हामीले उहाँहरूलाई विधमान व्यवस्था/प्रावधानहरूको बारेमा जानकारी दिने गरेका छौं । तिनै तहको सरकारहरूको बिचमा प्रभावकारी समन्वय संयन्त्रको आवस्यकता महसुस गरेको छु । साथै, जनप्रतिनिधिहरूको प्रभावकारी भूमिकाका लागि स्रोत साधनको पनि कमी रहेको छ ।

विनितः

**मा. विराजभक्त श्रेष्ठ**

# अनुसूची

प्रतिनिधि सभा बैठक, २०८१ भदौ १२ गते, बुधबार दिनको १:०० बजे र "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ माथी विचार गरियोस्" प्रस्तावमाथिको छलफल र Biraj Bhakta Shrestha
https://hr.parliament.gov.np/en/video/20291

प्रतिनिधि सभा बैठक, २०८१ भदौ ११ गते, मंगलबार दिनको १:०० बजे र धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८१ माथी छलफल र Biraj Bhakta Shrestha
https://hr.parliament.gov.np/en/video/20259

प्रतिनिधि सभा बैठक, २०८१ साउन १४ गते, सोमबार दिनको १:०० बजे र जरूरी सार्वजनिक महत्वको प्रस्तावमाथिको छलफल र Biraj Bhakta Shrestha
https://hr.parliament.gov.np/en/video/19878

प्रतिनिधि सभा बैठक, २०८१ साउन १३ गते, आइतबार दिनको १:०० बजे र राष्ट्रिय सभामा उत्पत्ति भएको "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथी विचार गरियोस्" प्रस्तावमाथिको छलफल र Biraj Bhakta Shrestha
https://hr .parliament.gov.np/en/video/19829

प्रतिनिधि सभा बैठक, २०८१ साउन ८ गते, मंगलबार दिनको १:०० बजे र जरूरी सार्वजनिक महत्वको प्रस्ताव र Biraj Bhakta Shrestha
https://hr.parliament.gov.np/en/video/19758

प्रतिनिधि सभा बैठक, २०८१ साउन ७ गते, सोमबार दिनको १:०० बजे र राष्ट्रिय सभामा उत्पत्ति भएको "विधायन सम्बन्धी विधेयक, २०८० माथी विचार गरियोस्" प्रस्तावमाथिको छलफल र Biraj Bhakta Shrestha
https://hr.parliament.gov.np/en/video/19696


प्रतिनिधि सभा बैठक, २०८० फागुन ११ गते, शुक्रबार बिहान ११:०० बजे र Biraj Bhakta Shrestha
https://hr.parliament.gov.np/en/video/17258

प्रतिनिधि सभा बैठक, २०८० फागुन १० गते, बिहीबार बिहान ११:०० बजे र Biraj Bhakta Shrestha
https://hr.parliament.gov.np/en/video/17228

प्रतिनिधि सभा बैठक, २०८० फागुन ६ गते, आइतबार बिहान ११:०० बजे र बैंकिङ्ग कसुर तथा सजाय (दोस्रो संशोधन । विधेयक, २०८० माथी छलफल र Biraj Bhakta Shrestha
https://hr.parliament.gov.np/en/video/17210

प्रतिनिधि सभा बैठक, २०८० माघ २४ गते, बुधबार बिहान ११:०० बजे र सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि छलफल र Biraj Bhakta Shrestha
https://hr.parliament.gov.np/en/video/17135

# काठमाडौं क्षेत्र नं. ८ को जनसांख्यिक विवरण




| काठमाडौं क्षेत्र न. ८ | पुरुष | महिला |
|---|---|---|
| नागार्जुन नगरपालिका वडा न.४ | 8816 | 8803 |
| नागार्जुन नगरपालिका वडा न.५ | 4865 | 5050 |
| का.म.न.पा वडा न.१३ | 19763 | 18676 |
| का.म.न.पा वडा न.१५ | 26323 | 26345 |
| का.म.न.पा वडा न.१९ | 4237 | 3540 |
| का.म.न.पा वडा न.२० | 4468 | 4048 |
| का.म.न.पा वडा न.२३ | 3105 | 2987 |
| का.म.न.पा वडा न.२४ | 2382 | 2147 |

स्रोत : तथ्यांक विभाग, नेपाल सरकार


# सचिवालयका सल्लाहकार




**चिरञ्जीवी खनाल**
कानूनी सल्लाहकार



**निर्देश सिलवाल**
राजनैतिक सल्लाहकार



**रवि तण्डुकार**
स्थानीय मामिला सल्लाहकार



**रमेश पोखरेल**
अर्थ सल्लाहकार

# सचिवालय सदस्य



**अंकिता शाह**
समन्वय प्रमुख



**अमर डंगोल**
जनसम्पर्क प्रमुख


## मानवीयज्यूसँग सामाजिक सञ्जालमा जोडिन

office of MP Biraj Bhakta Shrestha

*प्राकृति तथा साँस्कृतिक, सम्पदा हामी सबैको राष्ट्रिय पहिचान*

# प्रतिवेदनमा पहुँच

## पहिलो प्रतिवेदन
(२०७४-२०७५)



## दोस्रो प्रतिवेदन
(२०७५-२०७६)




## तेस्रो प्रतिवेदन
(२०७६-२०७७)




## चौथो प्रतिवेदन
(२०७७-२०७८)




## पाँचौं प्रतिवेदन
(२०७९-२०८०)



सिमितता र चुनौतीका बाबजुद एउटा सांसदले खेल्न सक्ने भूमिका प्रति कति न्याय गर्न सके त्यो तपाईहरुले पक्कै पनि मूल्यांकन गर्नुहुनेछ भन्ने आशा लिएको छु ।

"राजनीति भनेकै चरणवद्ध नैतिक द्विविधाहरुको श्रृङ्खला हो, विवेक राजनीतिज्ञको चेतना प्रगतिको लागि निर्णायक हुन्छ ।"

*- मा. विराजभक्त श्रेठ*




प्रकाशक

**मा. विराजभक्त श्रेष्ठको सचिवालय**



का.म.पा.-१३, ताहाचल, काठमाडौं, फोन नं. : ९८६७४३७६०८, ९८४१४१६७८९

ईमेल : office.birajbhakta@gmail.com

वेवसाइट : www.birajbhakta.com